नेपाल सरकार

# गृह मन्त्रालय

( विभूषण तथा बैठक समारोह प्रबन्ध शाखा )

पत्र संख्याः- ०७३/०७४

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ४३

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति :२०७४।०१।१७ गते ।

विषय : विभूषण सुशोभन समारोह स्थगित भएको सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय

सबै ।

सम्माननीय राष्ट्रपतिज्यूबाट २०७३ साल जेठ १५ गते गणतन्त्र दिवसका दिन घोषित विभूषणहरुमध्ये मानपदवी ( नेपाल रत्न, राष्ट्रगौरव, महाउज्ज्वल कीर्तिमय राष्ट्रदीप, प्रसिद्ध प्रवल जनसेवाश्री, सुकीर्तिमय राष्ट्रदीप, सुप्रवल जनसेवाश्री, प्रवल जनसेवाश्री, जनसेवाश्री ) प्राप्त गर्ने महानुभावहरुलाई २०७४ साल वैशाख २४ गते आईतबार बिहान ०९:०० बजे राष्ट्रपतिको कार्यालय शीतल निवास, महाराजगञ्जमा विभूषित गरिने सम्बन्धी यस कार्यालयको प.सं. २०७३/७४ च.नं. ३९ मिति २०७४।०१।१३ गतेको पत्रानुसार अनुरोध गरिएकोमा उक्त सुशोभन समारोह हाल प्राविधिक कारणले स्थगित गरिएको हुँदा सो सुशोभन समारोहको कार्यक्रम सम्बन्धी सूचना पछि प्रकाशित गरिने व्यहोरा जानकारी गराईएको छ । सोही व्यहोरा त्यस जिल्लाको मानपदवी प्राप्त गर्ने महानुभावहरुलाई जानकारी गराईदिने व्यवस्था मिलाई दिनुहुन आदेशानुसार अनुरोध छ ।

रु देवकोटा २०७४।०१।१७

(रुद्रनाथ देवकोटा)

उप सचिव

D:\Bibhushan\letter format.doc

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**विभूषण सुशोभन समारोह स्थगित भएको सम्बन्धी अत्यन्त जरुरी सूचना**

सम्माननीय राष्ट्रपतिज्यूबाट २०७३ साल जेठ १५ गते गणतन्त्र दिवसका दिन घोषित विभूषणहरुमध्ये मानपदवी (नेपाल रत्न, राष्ट्रगौरव, महाउज्ज्वल कीर्तिमय राष्ट्रदीप, प्रसिद्ध प्रबल जनसेवाश्री, सुकीर्तिमय राष्ट्रदीप, सुप्रवल जनसेवाश्री, प्रवल जनसेवाश्री, जनसेवाश्री) प्राप्त गर्ने महानुभावहरुलाई २०७४ साल बैशाख २४ गते आईतबार बिहान ०९:०० बजे विभूषित गरिने सम्बन्धी सूचना मिति २०७४ बैशाख १५ र १६ गतेको दैनिक गोरखापत्रमा प्रकाशन भएकोमा उक्त मिति, स्थान र समयमा राष्ट्रपति कार्यालय, शीतल निवासमा हुने भनिएको सुशोभन समारोहको कार्यक्रम हाल प्राविधिक कारणले स्थगित गरिएको हुँदा सो सुशोभन समारोहको कार्यक्रम सम्बन्धी सूचना पछि प्रकाशित गरिने व्यहोरा जानकारी गराईएको छ । सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुले यसै सूचनालाई आधार मानी मानपदवी प्राप्त गर्ने महानुभावहरुलाई माथि उल्लेखित व्यहोरा जानकारी गराईदिने व्यवस्था हुन अनुरोध गरिएको छ ।

**सम्पर्क नं.** ४२११२७१/४२११२६०/४२११२५२/४२११२५३/४२११२३१/४२११२०३/४२११२०४/४२११२०८